# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२।८३
चलानी नं. :

मितिः २०८२।०९।२४

**विषयः सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर)को लागि दरखास्त आव्हान सम्बन्धी सूचना ।**

आ.व. २०८२।८३ को लागि सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको निम्ति यस तिरहुत गाउँपालिकालाई लेखि आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्गबाट दरखास्त आव्हान गरिन्छ । इच्छुक व्यक्तिहरुले यस गाउँकार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफैं उपस्थित भई आफ्नो दरखास्त विवरण दर्ता गराउन हुन अनुरोध गरिन्छ । समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

**दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्डः**

**१. प्राविधिक मापदण्डः**

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रुपमा स्वस्थ हुनुपर्नेछ र मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ ।

**१. सामाजिक मापदण्डः**

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ वा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार सबैभन्दा गरिव विपन्न व्यक्तिहरुमध्येबाट हुनुपर्नेछ ।
- महिला, दलित, जनजाति, विपन्न वा पिछडिएका वर्गका उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

**दरखास्त दिने अन्तिम मिति, समय र स्थानः**

- आवेदन अन्तिम मितिः २०८२।०९।२४ गतेको सूचना प्रकाशन मितिबाट ७ दिनको म्याद ।
- समयः कार्यालय समयभित्र ।
- सम्पर्क स्थानः तिरहुत गाउँकार्यपालिकाको कार्यालय, गोईठी, सप्तरी ।

८२।९।२४

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः श्री सूचना प्रविधि शाखाः कार्यालयको वेबसाइटमा अपलोड गर्नु हुन अनुरोध छ ।**

CamScanner